बैठक संख्या : १

आज दिनाङ्क २०७९ साल साउन ६ गते शुक्रबारका दिन बुढीगंगा नगरपालिकाका नगर प्रमुख श्री राम बहादुर बानियाँज्युको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपशिल बमोजिमका निर्णय **छलफल गरि पारित** गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राम बहादुर बानियाँ | नगर प्रमुख | |
| २ | माया खड्का कुँवर | नगर उप प्रमुख | |
| ३ | रण बहादुर थापा | १ नं. वडा अध्यक्ष | |
| ४ | पदम भन्डारी | २ नं. वडा अध्यक्ष | |
| ५ | खडक बहादुर अधिकारी | ३ नं. वडा अध्यक्ष | |
| ६ | मिन बहादुर शाह | ४ नं. वडा अध्यक्ष | |
| ७ | चक्र बहादुर थापा | ५ नं. वडा अध्यक्ष | |
| ८ | हेमराज जैशी | ६ नं. वडा अध्यक्ष | |
| ९ | भुवन सिंह के.सी | ७ नं. वडा अध्यक्ष | |
| १० | रमेश बहादुर रावल | ८ नं. वडा अध्यक्ष | |
| ११ | मिन बहादुर सिह | ९ नं. वडा अध्यक्ष | |
| १२ | दल बहादुर साउँद | १० नं. वडा अध्यक्ष | |
| १३ | प्रेम बहादुर दमाइ | कार्यपालिका सदस्य | |
| १४ | सर्पजित सार्की | कार्यपालिका सदस्य | |
| १५ | सुशिला कुमारी मिजार | कार्यपालिका सदस्य | |
| १६ | अप्सरा थापा | कार्यपालिका सदस्य | |
| १७ | निरुता कुमारी सुनार | कार्यपालिका सदस्य | |
| १८ | विष्णु उखेडा | कार्यपालिका सदस्य | |
| १९ | बुदि नेपाली | कार्यपालिका सदस्य | |
| २० | बसन्ती पाध्याय | कार्यपालिका सदस्य | |
| २१ | नरेन्द्र नाथ | निमित्त प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्तावहरु:**

१. विषयगत र न्यायिक समितिहरुको गठन सम्बन्धमा।

२. नगर प्रवक्ता, वडा भेला, निति तथा कार्यक्रम र नगर सभाको मिति तोक्ने सम्बन्धमा ।

३ सभा हल र चमेना गृह निर्माण सम्बन्धमा ।

४. सभाका सदस्यहरुको पोसाक र विपद् व्यवस्थापन समिति निर्माण सम्बन्धमा ।

५. पसल सुचिकृत र कानून निति कार्यविधि संसोधन र नयाँ निर्माण सम्बन्धमा ।

६. नगरप्रोफाईल निर्माण CCTV Camera मदिरा व्यवस्थापन सम्बन्धमा ।

७. राजश्व परामर्श समिति गठन सम्बन्धमा ।

८ मर्मत तथा सम्भार कोषको स्थापना सम्बन्धमा ।

९ बेरुजु नियमित तथा फछ्र्यौट सम्बन्धमा ।

१० सोत अनुमान तथा बजेट सिमा निर्धारण समिति ।

११ बजेट तथा कार्यक्रम तर्जुमा समिति ।

१२ विविध ।

**निर्णयहरु:**

**निर्णय नं १ प्रस्ताव नं १ माथि छलफल गर्दा तपशिल बमोजिमका समितिहरु सर्वसहमतिबाट गठन गरियो ।**

**१ न्यायिक समिति**

| | |
|---|---|
| **संयोजक:** | **नगर उपप्रमुख** |
| **सदस्य:** | **सुशिला मिजार** |
| **सदस्य:** | **धर्मराज जैशी** |

२ लेखा समिति

| | |
|---|---|
| संयोजकः | रण बहादुर थापा |
| सदस्यः | बसन्ती पाध्याय |
| सदस्यः | मिन वहादुर शाह |

३ पूर्वाधार विकास समिति

| | |
|---|---|
| संयोजकः | पदम भण्डारी |
| सदस्यः | सुनिता मिजार |
| सदस्यः | हरिकेस नेपाली |

४ विधायन समिति

| | |
|---|---|
| संयोजकः | खडक बहादुर अधिकारी |
| सदस्यः | पदम भण्डारी |
| सदस्यः | भुवनसिंह के सि |

५ सामाजिक विकास समिति

| | |
|---|---|
| संयोजकः | चक्र बहादुर थापा |
| सदस्यः | हेमराज जैशी |
| सदस्यः | भक्त बहादुर भण्डारी |

६ संस्थागत सुधार सेवा प्रवाह तथा सुशासन समिति

| | |
|---|---|
| संयोजकः | रमेश रावल |
| सदस्यः | प्रेम नेपालि |
| सदस्यः | उमा देवि पाध्याय |



CamScanner

**७ वातावरण तथा विषद् व्यवस्थापन समिति**

| | |
|---|---|
| संयोजकः | दल बहादुर साउँद |
| सदस्यः | सर्पजित शार्कि |
| सदस्यः | सिता थापा रावल |

**८ आर्थिक विकास समिति**

| | |
|---|---|
| संयोजकः | मिन बहादुर सिंह |
| सदस्यः | कल्पना थापा |
| सदस्यः | मौंतिकला थापा |

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाका प्रवक्ताको जिम्मेवारी कार्यपालिका सदस्य श्री हेमराज जैशीलाई सर्वसहमतिवाट चयन गरियो । प्राथमिकताको आधारमा ( p1,p2,p3 दिगो विकासका लक्ष्य तिर निर्दशित ) योजना निर्माणका लागि वडा भेला साउन ९ गते निति तथा कार्यक्रम, साउन १२ गते र नगरसभा साउन १४ गते सम्मन्न गर्न निर्यण सर्वसहमतिका आधारमा पारित गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा सभाहल र चमेनागृह बुढीगंगा नगरपालिका सार्वजनिक खरिद नियमावलीका २०७८ का मापदण्ड पूरागरी निर्माण कार्य गर्ने निर्णय सर्वेसहमतिवाट पारित गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा नगरसभाका सदस्यहरु पोषाकमा एकरुपता कायम गर्ने र नगरपालिकाको नगर विपद् व्यवस्थापन ऐन बमोजिम सबै कार्यपालिका सदस्यहरु समावेश गरि गठन गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा पसल दर्ता, सुचिकृत तथा बजार व्यवस्थापन सम्बन्धी कार्यविधी निर्माण गरि नगरसभाबाट पारित गरी लागु गर्ने र व्यवसायिलाई करको दायरामा ल्याउन नगरमा विद्यमान कानूनको आवश्यकतानुसार संसोधन गर्ने तथा नयाँ कानूनको निर्माणका लागि जिम्मा दिने र नगरसभाबाट पारित भई सकेपछि लागु गर्ने निर्णय सर्वसहमितिबाट पारित गरियो ।

**निर्णय नं ६**

प्रस्ताव नं ६ (क) माथि छलफल गर्दा लागत अनुमान गरेर बुढीगंगा नगरपालिका सार्वजनिक खरिद ऐन नियमावली अनुसार नगरप्रोफाईल निर्माण गर्ने निर्णय पारित गरियो ।

(ख) नगरपालिकाको सेवा प्रवाह लगायतका विषयहरुलाई प्रभावकारी रुपमा संचालन गर्ने नगरपालिका र यस अन्तर्गतका भवन निर्माण भई संचालनमा आएका वडा कार्यालयमा CCTC Camera तत्काल खरिद गरि जडान गर्ने निर्णय सर्वसहमितबाट पारित गरियो

(ग) बुढीगंगा नगरपालिकामा प्रतिवन्धित मदिरालाई व्यवस्थित रुपमा व्यवस्थापन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा राजस्व सम्बन्धी परामर्शका लागि देहायको स्थानिय राजश्व परामर्श समिति गठन गर्ने निर्णय सर्वसहमितले पारित गरियोः

**तपशिलः**

(क) नगर-उपप्रमुख - संयोजक

(ख प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग विष्णु उखेडा - सदस्य

(घ डम्मरराज जैशी - सदस्य

ङ राजश्व शाखा प्रमुख - सदस्य सचिव

**निर्णय नं ८**

प्रस्ताव नं ८ माथि छलफल गर्दा भौतिक पूर्वाधार लगायतका निर्माण कार्यहरुलाई सहज बनाउन नगरस्तरीय मर्मत सम्भार कोषको स्थापना गरी कार्यसंचालन गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा आ व २०७८/७९ मा यस नगरपालिकामा कायम भएको बेरुजु फछ्यौट गर्न जनशक्ति सहितको कार्यदल निर्माण गरी फछ्यौट गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं १०**

प्रस्ताव नं १० माथि छलफल गर्दा नगरपालिकामा प्राप्त हुने आन्तरीक आय अनुदान राजस्व वाडफाँड आदिको प्रक्षेपण खाका तथा सिमा निर्धारण गर्न तपशिल बमोजिमको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन गर्ने निर्णय सर्वसहमतिवाट पारित गरियो ।

| | |
|---|---|
| क नगर प्रमुख | संयोजक |
| ख नगर उप प्रमुख | सदस्य |
| ग अप्सरा थापा | सदस्य |
| घ पदम भण्डारी | सदस्य |
| ङ चक्र बहादुर थापा | सदस्य |
| च प्रमुख प्रशासकिय अधिकृत | सदस्य |

**निर्णय नं. ११**

प्रस्ताव नं ११ माथि छलफल गर्दा मापन योग्य कार्य सम्पादन मुल्याङ्कन सुचकको निर्माण गरी सोही अनुरुप कार्यसम्पादन मुल्याङ्कन गराई आवश्यकता अनुसार करार सम्झौता गर्ने र आवश्यकता भएका ठाउँमा नयाँ करार सम्झौता लिनकालागी नगरसभामा पेश गर्ने निर्णय सर्व सहमतिवाट पारित गरियो ।

**निर्णय नं. १२**

(क) प्रस्ताव नं. १२ माथि छलफल गर्दा नगरपालिका तथा यस अन्तरगतका कार्यालयवाट प्रवाह हुने सेवा प्रवाह विकासलाई नतिजा उन्मुख बनाउन गुनासो पेटीका, उपभोक्ता सर्भे, जन प्रतिकृया र आवश्यकता अनुसार सामाजिक सुरक्षा भत्ता घुम्ती सिविरको माध्यमवाट सम्बन्धित वडामा वितरण गर्ने निर्णय सर्व सहमतिवाट पारित गरियो ।

(ख) शिक्षक दरबन्दी मिलान कार्यदल गठन गरी आवश्यकता अनुसार शैक्षिक संस्थामा जनशक्तिको व्यवस्था गर्ने निर्णय सर्व सहमतिवाट पारित गरियो ।

(ग) बुढीगंगा नगरपालिका भित्र रहेको १५ सैयाको अस्पताल भवन निर्माणको लागी डी. पी. आर. निर्माण भईसकेको र  जग्गा अपुगका कारण काम संचालन नभएकाले आवश्यक कानूनी मापदण्ड अपनाई उपयुक्ता ठाउँमा निर्माणका लागी पहल गर्ने स्थानमा निर्माण गर्ने निर्णय सर्व सहमतिवाट पारित गरियो ।

(घ) बुढीगंगा नगरपालिकका नवनिर्वाचित जनप्रतिनिधिहरुले पालना गर्नुपर्ने ऐक्यबद्धताको स्वघोषणा गरि पालना गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।